# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, कात्तिक ७ गते २०५१ साल (सङ्ख्या २७

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

गृह मन्त्रालयका सचिव श्री भोजराज पोखरेल थाइल्याण्डको राजधानी बैंककमा हुने 'Regional Seminar on Policy and institutional requirements for disaster mitigation in Asia and Pacific' मा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री श्रीकान्त रेग्मीलाई मिति २०५१।६।१४ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका का.मु. सचिव श्री पुरुषोत्तम भट्टराई सरकारी कामको सिलसिलामा जापानको ओसाकातर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लक्ष्मणप्रसाद उपाध्यायलाई मिति २०५१।६।१२ देखि कायम मुकायम मुकरर गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

उद्योग मन्त्रालयका हाल का.मु. सचिव मुकरर गरिएका श्री विमलप्रसाद कोइराला पनि सिंगापुरमा हुने पेट्रोलियम प्रवर्द्धन बैठकमा भाग लिन २०५१।६।१६ गते त्यसतर्फ जानुभएको हुँदा सचिव श्री पुण्यप्रसाद दाहाल फर्की हाजिर नभएसम्मका लागि उक्त मन्त्रालयको सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री चण्डीप्रसाद श्रेष्ठलाई मिति २०५१।६।१६ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ४

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री वेदव्यास क्षेत्री फिलिपिन्सको मनिला र न्यूजिल्याण्डको वेलिङ्गटनमा संचालन हुने "1994 Comparative Legislatures Seminar" मा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली,२०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री सुरेशमान श्रेष्ठलाई मिति २०५१।६।१५ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ५

अर्थ मन्त्रालयका सचिव श्री ठाकुरनाथ पन्त विश्व बैंकको वार्षिक सम्मेलनमा भाग लिन स्पेनको म्याड्रिडतर्फ २०५१।६।१२ मा प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली,२०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विश्वनाथ सापकोटालाई मिति २०५१।६।१२ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

260



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५१।६।७ को निर्णयानुसार यस सचिवालयका उपसचिव श्रीमती जानकी अमात्यको ३० वर्ष सेवा अवधि पुग्ने मिति २०५१।७।२५ बाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम २ वर्षको सेवा अवधि थप गरिएको छ ।

डा. रवीन्द्रकुमार शाक्य
सदस्य सचिव

## नेपाल अधिराज्यका
## महान्यायाधिवक्ताको कार्यालयको सूचना

पुनरावेदन अदालतको प्रादेशिक अधिकार क्षेत्रभित्रका जिल्लाहरूमा स्थापना भएका जिल्ला सरकारी वकिल कार्यालयहरू सम्बन्धित पुनरावेदन सरकारी वकिल कार्यालयको प्रादेशिक अधिकार क्षेत्रभित्र रहने गरी तोकिएको छ ।

आज्ञाले,
प्रेमबहादुर विष्ट
वरिष्ठ सरकारी अधिवक्ता

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।